आज मिति २०८३/०६/०२ गतेको दिन माडी नगर शिक्षा ऐन, २०७७ (संशोधन) सहित ऐनको परिच्छेद -३, को दफा ९ बमोजिम गठित नगर शिक्षा समितिको अध्यक्ष तथा नगर प्रमुख श्री तारा कुमारी काजी महतोज्यूको अध्यक्षतामा बैठक बसी तपसिल बमोजिमका प्रस्तावहरु माथि आवश्यक छलफल गरी देहाय बमोजिमका निर्णयहरु गरियो ।

उपस्थिति :

१. श्री तारा कुमारी काजी महतो – अध्यक्ष

२. श्री खेम प्रसाद महतो – उपाध्यक्ष

३. श्री दिपेन्द्रराज पौडेल – सदस्य

४. श्री सोभाखर चापागाँई – सदस्य

५. श्री महदत्त काफ्ले – सदस्य

६. श्री राम बहादुर जि.सी.- सदस्य

७. श्री चन्द्रमणि महतो - सदस्य

८. श्री सावित्री सुवर्णाकार - सदस्य

९. श्री अमृता के.सी. - सदस्य

१०. श्री सुमादेवि पन्त - सदस्य

११. श्री रामचन्द्र खड्का - उप-शिक्षा निर्देशक (सदस्य सचिव)

आमन्त्रित सदस्य :

१. श्री लेख बहादुर गुरुङ

२.

प्रस्तावहरु :

१. आर्थिक वर्ष २०८२/०८३ को लेखा परीक्षण सम्बन्धमा ।

२. प्रधानाध्यापक व्यवस्थापन सम्बन्धमा ।

३. शिक्षक छनौट परीक्षाको परीक्षा केन्द्र सम्बन्धमा ।

४. नगर शिक्षा योजना सम्बन्धमा ।

५. स्वयंसेवक शिक्षक व्यवस्थापन सम्बन्धमा ।

६. प्रारम्भिक बालविकास शिक्षकको श्रेणीकरण सम्बन्धमा ।

७. विषय विज्ञ सूचिकृत गर्ने सम्बन्धमा ।

निर्णयहरु:

१. यस माडी नगरपालिका अन्तर्गत सञ्चालित सामुदायिक विद्यालय, संस्थागत विद्यालय र सामुदायिक सिकाइ केन्द्रहरूको आर्थिक वर्ष २०८२/८३ मा भएको आर्थिक कारोबारको अन्तिम लेखापरीक्षण कार्य समयमै सम्पन्न गर्नुपर्ने भएकोले, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम तथा परिपत्रसमेतका आधारमा नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था (ICAN) मा दर्ता भएका दर्तावाल लेखापरीक्षकहरूबाट आशय पत्र (Expression of Interest) माग गरी सूचीकृत गर्न देहाय बमोजिमका सर्त तथा कागजातहरू समावेश गरी सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र नगरपालिकाको कार्यालयमा सूची दर्ताका लागि पेस गर्न आह्वान गर्दै सार्वजनिक सूचना प्रकाशन गर्ने निर्णय गरियो।

देहायः

(क) आशय पत्रका साथ पेस गर्नुपर्ने आवश्यक कागजातहरूको तपसिलः

१. निवेदन (सम्पर्क मोबाइल नं. र इमेल ठेगाना सहित) - १ थान

२. नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था (ICAN) मा दर्ता गरिएको प्रमाणपत्रको प्रतिलिपि (नवीकरण सहित) - १ थान

३. लेखापरीक्षकको दर्ता/इजाजत प्रमाणपत्रको प्रतिलिपि - १ थान

४. कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि - १ थान

५. नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि - १ थान

६. स्थायी लेखा नं. (PAN) दर्ता प्रमाणपत्रको प्रतिलिपि तथा फर्म अद्यावधिक प्रमाणपत्र - १ थान

७. स्वयम् उपस्थित भई सम्बन्धित विद्यालयमा पुगी नियमानुसार लेखापरीक्षण गर्ने प्रतिबद्धता पत्र - १ थान

(ख) आशय पत्र सम्बन्धी सर्त तथा नियमहरूः

१. विगत आर्थिक वर्षहरूमा नियुक्त भएका लेखापरीक्षकहरूमध्ये आफू खटिएको विद्यालयको लेखापरीक्षण तोकिएको समयमा सम्पन्न नगर्ने तथा समयमै प्रतिवेदन नबुझाउने लेखापरीक्षकलाई छनोट प्रक्रियामा समावेश गरिने छैन।



तारा कुमारी काजी महतो
नगर प्रमुख

२. लेखापरीक्षण सम्पन्न गरी शिक्षा, यूवा तथा खेलकुद शाखामा तोकिए बमोजिम प्रतिवेदनको सक्कल प्रति अनिवार्य रूपमा पेस गर्नुपर्नेछ।

३. लेखापरीक्षण गरे बापतको पारिश्रमिक प्रचलित नियम तथा माडी नगरपालिकाको निर्णय बमोजिम हुनेछ।

४. तोकिएको समयभित्र र रीतपूर्वक प्राप्त हुन नआएका आशय पत्र उपर कुनै कारवाही हुने छैन।

५. लेखापरीक्षक नियुक्तिका लागि सिफारिस गर्ने वा नगर्ने सम्पूर्ण अधिकार नगरपालिकामा निहित रहनेछ।

साथै, उक्त आशय पत्र मागको सूचना प्रकाशन गर्न तथा सो सम्बन्धी आवश्यक सम्पूर्ण प्रक्रिया (आवेदन सङ्कलन, मूल्याङ्कन र सिफारिस) अगाडि बढाउन नगरपालिकाको शिक्षा तथा खेलकुद शाखालाई अख्तियारी दिने निर्णय गरियो।

२. यस माडी नगरपालिका अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयमा शिक्षा ऐन, २०२८ (संशोधनसहित) तथा शिक्षा नियमावली, २०५९ (दशौं संशोधन सहित) बमोजिम यस नगरपालिकाभित्रका सार्वजनिक विद्यालयहरूमा प्रधानाध्यापक व्यवस्थापनका लागि यस नगरपालिकाबाट दरखास्त आह्वानसम्बन्धी सूचना प्रकाशन भएकामा यस नगरपालिकामा तोकिएको मितिसम्ममा दरखास्त पर्न आएका निवेदकका कागजातहरु सम्बन्धित विद्यालय व्यवस्थापन समितिसमक्ष पठाउने र विद्यालय व्यवस्थापन समिति गठन प्रक्रिया सम्पन्न भएका विद्यालयमा तुरुन्तै प्रधानाध्यापक छनोट प्रक्रिया अघि बढाउन शिक्षा, युवा तथा खेलकुद शाखालाई निर्देशन दिने निर्णय गरियो ।

३. यस माडी नगरपालिकाबाट अन्तर्गतका सामुदायिक विद्यालयहरूमा रिक्त रहेका अस्थायी, करार, राहत वा अनुदान कोटाका शिक्षक तथा कर्मचारीहरूको पदपूर्तिका लागि लिइने छनौट परीक्षालाई प्रक्रियालाई व्यवस्थित रूपमा सञ्चालन गर्न शिक्षा नियमावली, २०५९ (संशोधनसहित) बमोजिम तपसिल बमोजिमका विद्यालयहरूलाई परीक्षा केन्द्रका रूपमा निर्धारण गर्ने निर्णय गरियो ।

तपसिल :

| क्र.सं | वडा र विद्यालयहरु | परीक्षा केन्द्र |
|---|---|---|
| १ | वडा नं १ र २ अन्तर्गतका विद्यालयहरु | सोमेश्वर माध्यमिक विद्यालय, मा.न.पा -१ |
| २ | वडा नं ३, ४ र ५ अन्तर्गतका विद्यालयहरु | माडी माध्यमिक विद्यालय, मा.न.पा -३ |
| ३ | वडा नं ६ र ७ अन्तर्गतका विद्यालयहरु | जनकल्याण माध्यमिक विद्यालय, मा.न.पा -६ |
| ४ | वडा नं ८ र ९ अन्तर्गतका विद्यालयहरु | जनजीवन माध्यमिक विद्यालय, मा.न.पा -८ |

४. माडी नगरपालिकाको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न राष्ट्रिय शिक्षा नीति, लक्ष्य तथा उद्देश्यसँग प्रत्यक्ष रूपमा आबद्ध गराई माडी नगरपालिकाको "स्थानीय शिक्षा योजना, २०८३" निर्माण गर्ने र उक्त योजना तर्जुमा कार्यलाई तथ्यपरक, वैज्ञानिक एवं सरोकारवालाहरूको सहभागितामा प्रभावकारी रूपले सम्पन्न गरी यस समितिमा पेश गर्न देहाय बमोजिमको "शिक्षा योजना तर्जुमा समिति" गठन गर्ने र उक्त



तारा कुमारी काजी महतो
नगर प्रमुख

समितिलाई सम्बन्धित विषय विज्ञ र जनशक्तिहरुलाई आवश्यकताअनुसार आमन्त्रित गरी कार्तिक मसान्तसम्म कार्यसम्पन्न गर्न जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो ।

शिक्षा योजना तर्जुमा समिति :

१. सामाजिक विकास समितिका संयोजक, माडी नगरपालिका - संयोजक
२. श्री रविन्द्र सिंह ठकुरी, विद्यालय व्यवस्थापन समितिका प्रतिनिधि - सदस्य
३. श्री अमृता के.सी, शिक्षक प्रतिनिधि, माडी नगरपालिका - सदस्य
४. श्री हर्क चापागाई, संस्थागत विद्यालय प्रतिनिधि, माडी नगरपालिका - सदस्य
५. श्री युवराज लामिछाने, स्थानीय शिक्षाप्रेमी, माडी नगरपालिका - सदस्य
६. नेपाल शिक्षक महासंघ नगर समिति अध्यक्ष, माडी नगरपालिका - सदस्य
७. प्रमुख, शिक्षा, युवा तथा खेलकुद शाखा, माडी नगरपालिका — सदस्य सचिव

५. यस नगरपालिका अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयहरूमा विद्यमान शिक्षक दरबन्दी मिलान गर्दा विशेष गरी अंग्रेजी, गणित, विज्ञान विषयहरूमा शिक्षकहरूको अभाव रहेकाले शिक्षक अभावका कारण विद्यार्थीहरूको नियमित पठनपाठन कार्य प्रभावित हुन नदिन र शैक्षिक गुणस्तर वृद्धि गर्न, विद्यार्थीहरूको गुणस्तरीय शिक्षा प्राप्त गर्न पाउने हकलाई सुनिश्चित गरी सिकाइलाई निरन्तरता दिन, विगतदेखि नै वैकल्पिक व्यवस्थाका लागि स्वयम् सेवक शिक्षक व्यवस्थापन गर्दै आइएको, चालु आर्थिक वर्ष २०८३/०८४ को नगरपालिकाको स्वीकृत वार्षिक नीति, कार्यक्रम तथा बजेटमा विनियोजित रकम(आन्तरिक स्रोत)मा समेत बजेट विनियोजन भएकाले सोको प्रभावकारी कार्यान्वयनका लागि अध्ययन गरी आगामी बैठकमा पेश गर्न शिक्षा, यूवा तथा खेलकुद शाखालाई जिम्मेवारी दिने निर्णय गरियो ।

६. यस माडी नगरपालिकाभित्र सञ्चालित सामुदायिक विद्यालयहरूमा कार्यरत प्रारम्भिक बालविकास शिक्षकहरूको कार्यसम्पादन, अनुभव र योग्यता समेतलाई विचार गरी यसअघि नगरपालिकाबाट गरिएको श्रेणीकरणको समयावधि पूर्व निर्णयानुसार समाप्त भइसकेकाले उक्त श्रेणीकरणलाई थप वैज्ञानिक र वस्तुपरक बनाउन तत्काल स्वीकृत मापदण्ड तथा आधारहरू तय गरी श्रेणीकरण(स्तर निर्धारण) प्रक्रिया अगाडि बढाउन शिक्षा, युवा तथा खेलकुद शाखालाई निर्देशन दिने निर्णय गरियो । साथै, उक्त पुनरावलोकन कार्य सम्पन्न भई नयाँ श्रेणीकरण कायम नहुँदासम्मका लागि विगतकै (पुरानै) श्रेणीकरणलाई आधार मानी नगरपालिकाबाट उपलब्ध गराइँदै आएको प्रोत्साहन खर्च/भत्ता निरन्तर रूपमा उपलब्ध गराउने निर्णय गरियो ।

७. माडी नगरपालिका अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयहरूमा प्रधानाध्यापक, अस्थायी तथा करार शिक्षक र कर्मचारी नियुक्तिका लागि सिफारिस गर्न सञ्चालन हुने परीक्षा, प्रश्नपत्र निर्माण, परिमार्जन, उत्तरपुस्तिका परीक्षण लगायतका कार्यहरूलाई थप व्यवस्थित, मर्यादित र प्रभावकारी बनाउन शिक्षा नियमावली, २०५९ (दशौं संशोधन सहित) र प्रचलित कानुनमा भएको व्यवस्था समेतका आधारमा विषय विज्ञहरूको सूची (रोष्टर) तयारी/अद्यावधिक गर्नु आवश्यक देखिएकोले; उक्त प्रयोजनका लागि



तारा कुमारी काजी महतो
नगर प्रमुख

*नगर शिक्षा समितिको मिति २०८३।०६।०२ गतेको निर्णय*

चितवन जिल्ला भरका सामुदायिक विद्यालयमा स्थायी सेवामा अध्यापनरत रहेका र तपसिल बमोजिमको योग्यता र सर्तहरू पूरा गरेका इच्छुक नेपाली नागरिकहरूबाट ७ (सात) दिनको म्याद दिई आवेदन माग गर्ने गरी "विषय विज्ञ (रोष्टर) सूचीमा सूचीकृत हुने सम्बन्धी सूचना" प्रकाशन गर्न शिक्षा, युवा तथा खेलकुद शाखालाई स्वीकृति प्रदान गर्ने निर्णय गरियो ।

तपसिलः

क) विज्ञका रूपमा सूचीकृत हुन आवश्यक न्यूनतम योग्यता :

१. आधारभूत तह (कक्षा १-५/कक्षा ६-८): शिक्षा शास्त्रमा कम्तीमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको।

२. माध्यमिक तह (कक्षा ९-१२): शिक्षा शास्त्रमा कम्तीमा स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण गरेको।

ख) निवेदनसाथ संलग्न गर्नुपर्ने आवश्यक कागजातहरूः

१. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।

२. न्यूनतम शैक्षिक योग्यता र उच्चतम शैक्षिक उपाधिका प्रमाणपत्रहरूको प्रतिलिपि।

३. अध्यापन अनुमति पत्रको प्रतिलिपि।

४. स्थायी नियुक्ति पत्र तथा कार्य अनुभव खुल्ने प्रमाणको प्रतिलिपि।

५. व्यक्तिगत विवरण (बायोडाटा)।

६. स्थायी लेखा नम्बर (PAN) कार्डको प्रतिलिपि।

७. विषय विज्ञ (रोष्टर) सूचीमा सूचीकृत हुन निवेदन फाराम।

तारा कुमारी काजी महतो
नगर प्रमुख